आज मिति २०७५ साल श्रावण १४ गतेका दिन यस मष्टा गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर कठायत ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका पदाधिकारीहरूको उपस्थितिमा निम्नानुसार निर्णय गरियो।

## उपस्थिति

१. श्री कर्ण बहादुर कठायत - अध्यक्ष, मष्टा गा.पा.
२ श्री भगवती कुमारी बोहरा - उपाध्यक्ष ,,
३ श्री राजेन्द्र बहादुर खड्का - १ नं. वडाअध्यक्ष
४ श्री शेर बहादुर खड्का - २ नं. ,,
५ श्री टेक बहादुर कठायत - ३ नं. ,,
६ श्री प्रयागराज उपाध्याय - ४ नं. ,,
७ श्री कम्मान आग्री - ५ नं. ,,
८ श्री गोरख बहादुर बोहरा - ६ नं. ,,
९. श्री बम्म बहादुर बोहरा - ७ नं. ,,
१० श्री बिजुली ओलेडो - गा.का.पा. सदस्य
११ श्री गोपाल आग्री - ,,
१२ श्री गिता बोहरा - ,,
१३ श्री राममती कठायत - ,,
१४ श्री कलुदेवी खड्का - ,,
१५ श्री हिउँकला दमाई - ,,
१६ श्री लोकेन्द्र बहादुर खड्का - सदस्य सचिव

## आमन्त्रित उपस्थिति

१. श्री रमेश कुमार खड्का - स्वास्थ्य संयोजक
२ श्री शंकर बहादुर कामी - पशु सेवा प्राविधिक
३ श्री खडक बहादुर खड्का - प्रा० स०
४ श्री जनक बहादुर ढुंगाल - F/C RVWRMP
५ श्री देव बहादुर चन्द - अ.स.
६ श्री रमेश बहादुर बोहरा - S.E. / RVWRMP
७ श्री दिलिप राना - सूचना प्रविधि अधिकृत
श्री टिन्का ढुंगाल - स. लेखापाल
९ श्री दिनेश ब. कठायत - का. स.

निर्णय नं. १– गाउँपालिकाको केन्द्र निर्धारण परामर्श समितिले तोकेको क्षेत्रभित्रबाट निःशुल्क जग्गा दिने सम्बन्धि निवेदन परेका स्थलहरूको स्थलगत अवलोकन यही २०७८ श्रावण १८ गतेदेखि गर्ने र सो कार्यको लागि गाउँ कार्यपालिकाको पुरै टिम परिचालित हुने निर्णय गरियो ।

निर्णय नं. २– मष्टा गाउँपालिको विभिन्न वडा तथा विषयगत क्षेत्रमा कर्मचारी अभाव भै सेवा सुचारुमा अवरोध हुने गरेकोले स्थायी कर्मचारीको हकमा जिल्ला समन्वय समिति तथा सम्बन्धित प्रदेशमा कर्मचारी मागको लागि अनुरोध गर्ने साथै यस गाउँपालिकाको पशु सेवा शाखामा कर्मचारी अभावको कारण सबै क्षेत्रमा समान सेवा प्रवाह हुन नसकेकोले कम्तीमा ३ (तिन) जना पशुसेवा सँग सम्बन्धित टि.एस.एल.सी. वा सो भन्दा माथी योग्यता भएको कर्मचारी करार सेवामा भर्ना गर्नको लागि आवश्यक प्रक्रया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३– यस मष्टा गाउँपालिका अन्तगत संचालित लघुजलविद्युत, सामुदायिक बन, सहकारी संस्था, खानेपानी उपभोक्ता समुह, सामुदायिक अध्ययन केन्द्र, सामुदायिक संस्था, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरूको आयव्यय सहित सम्बन्धित वडा तथा गाउँपालिकामा दर्ता/नविकरण भए नभएको यकिन गरी नभएको भए सो प्रक्रया अगाडी बढाउन पहल गर्ने निर्णय गरियो। साथै लघु जलविद्युतको अहिले सम्मको आयव्यय हिसाव गरी सो संस्थालाई सम्बन्धित वडामा हस्तान्तरण गर्नको लागी पहल गर्ने निर्णय गरियो ।